काठमाडौं महानगरपालिका र नागार्जुन नगरपालिका बीच गणेशमान स्मृति पार्क निर्माण गर्ने सम्बन्धमा गरिएको

सम्झौता पत्र

काठमाडौं महानगरपालिका(यसपछि प्रथम पक्ष भनिने) र नागार्जुन नगरपालिका (यसपछि दोश्रो पक्ष भनिने) का बीचमा प्रथम पक्षको नगर - नगर साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यका भित्रका अन्य नगरपालिकाहरूसंगको सहकार्यमा उपत्यका एकीकृत विकास कार्यक्रम संचालन गरी उपत्यकालाई एउटा सिंङ्गो समृद्ध सहरका रूपमा विकास गर्न पहल गरिनेछ भनि स्वीकृत नीति पारित कार्यक्रम र आ.व. २०७५/०७६ मा विनियोजित बजेट अनुरूप दोश्रो पक्षको भौगोलिक क्षेत्र भित्रको वडा नं. ६ मा डाडापौवामा गणेशमान स्मृति पार्क निर्माण गर्ने गराउने गरी साझेदारीमा परियोजना संचालन गर्न दुवै पक्ष सहमत भई तपसिलका शर्त, बन्देज र दायित्व बहन गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं/दियौं ।

तपशील

१. प्रथम पक्षको आ.व २०७५/०७६ को स्वीकृत नीति तथा कार्यक्रममा काठमाडौं उपत्यकाका अन्य नगरपालिकाहरूसंगको सहकार्यमा कार्यक्रम संचालन गर्ने भनी भएको निर्णय तथा आ.व २०७८/७६ को विषयगत शाखाको क्रियाकलाप र बजेट अन्तर्गत लेखा संकेत नं. ८६०५०४ क.सं. १८ मा अन्तर नगर साझेदारी कार्यक्रम शीर्षकमा विनियोजित रकम मध्येबाट दोश्रो पक्षलाई रकम उपलब्ध गराईने गरी यो सम्झौता गरिएको छ ।

२. दोश्रो पक्षको भौगोलिक कार्यक्षेत्र भित्रको नागार्जुन नगरपालिका वडा नं. ६ डाडापौवामा गणेशमान स्मृति पार्क निर्माण गरी संचालन गर्ने यस परियोजनाको लागि पूर्व निजि जग्गा पश्चिम श्यामेश्वर गणेशमान सामुदायिक वन, उत्तर निजि आवास क्षेत्र र दक्षिण बाटो चार किल्ला भित्र करिब १७ रोपनी सार्वजनिक जग्गामा आधुनिक तथा मौलिक पार्क निर्माण गरी नागार्जुन नगरपालिकाको १ देखि १० वडामा रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, प्राकृतिक विशेषताहरू झल्कने आकृतिहरूको एकै स्थानमा एकीकृत रूपमा निर्माण तथा व्यवस्थापन गर्ने, गणेशमान सिंहद्वारा वृक्षारोपण भएको यस क्षेत्रको उचित संरक्षण गरी गणेशमान सिंहको शालिक स्थापना गर्ने तथा उहाको जीवनीका मूलभूत अवस्थाहरू उल्लेख गर्ने, पृथ्वीनारायण शाहले उपत्यका विजय गर्दा प्रवेश मार्गको रूपमा प्रयोग गरेको स्थानका रूपमा झल्कने आवश्यक व्यक्तित्वहरूका पहिचान, घटस्थापनामा गार्खाबाट हनुमानढोकामा फूलपाती भित्र्याउने मार्ग बारे यथोचित सूचना सम्प्रेषण गर्ने तथा प्रथम पक्षले साझेदारी गर्नेछ ।

३. गणेशमान स्मृति पार्क निर्माण गर्ने कार्य आ.व २०७५/७६ भित्र प्रारम्भ गरी आ.व. २०७६/७७ भित्रमा निर्माण सम्पन्न गरी सक्नु पर्नेमा कोभिड १९ का कारण भएको लकडाउन तथा विविध कारणले समयमा सम्पन्न नभई आ.व. २०७८/७९ मा सम्पन्न गरी संचालनमा ल्याउनु दोश्रो पक्षको दायित्व हुनेछ । दोश्रो पक्षबाट निर्माण गर्ने पार्कको लागत सहितको परियोजनाको ड्रईङ्ग डिजाईन अनुरूपको संरचना विकास/ निर्माण गर्दा लाग्ने कुल लागतको यथोचित्त रकम प्रथम पक्षले व्यहोर्नेछ । सो मध्ये हाल आ.व. २०७८/७९ मा रू. १ करोड प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ । तोकिएको समयसीमा भित्रै गणेशमान स्मृति पार्क निर्माण सम्पन्न गर्नु दोश्रो पक्षको कर्तव्य हुनेछ ।

४. प्रथम पक्षले उपलब्ध गराएको रकम दोश्रो पक्षले सो परियोजना बाहेक अन्यत्र खर्च गर्न पाईने छैन । तोकिएको स्थानमा गणेशमान स्मृति पार्क निर्माण नगरेमा वा सो बाहेक अन्यत्र खर्च गरिएको पाईएमा प्रथम पक्षले उपलब्ध गराएको रकम ब्याज सहित दोश्रो पक्षले फिर्ता गर्नुपर्नेछ । दोश्रो पक्षले रकम खर्च गर्दा प्रचलित खरिद सम्बन्धी ऐन तथा नियमानुसार गर्नुपर्नेछ ।

५.	हरेक आर्थिक बर्षको अन्त्यमा बार्षिक रूपमा यो सम्झौता अनुरूपको कार्य प्रगति विवरण दोश्रो पक्षले लिखित रूपमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६.	यो सम्झौता अनुसार निर्माण भएको गणेशमान स्मृति पार्कको प्रवेशद्धारमा र अन्यत्र उपयुक्त स्थानमा काठमाडौं महानगरपालिका र नागार्जुन नगरपालिकाको साझेदारी कार्यक्रम अन्तर्गत निर्मित पार्क उल्लेख गर्नुपर्नेछ ।

७.	पार्कमा प्रवेश गर्न जारी हुने टिकट, पार्क सम्बन्धी इन्भेन्ट्रि, ब्रोसर, शिलालेख वा यस सम्बन्धी थप कागजातहरू समेतमा काठमाडौं महानगरपालिकाको साझेदारीमा भन्ने व्यहोरा उल्लेख गरिनुपर्नेछ ।

८.	दोश्रो पक्षलाई गणेशमान स्मृति पार्क निर्माण गर्न थप प्राविधिक परामर्श आवश्यक परी माग गरेमा प्रथम पक्षले आफू मातहतका विषय विज्ञ सहरी योजना आयोगका सदस्य वा प्रथम पक्षको कार्यालयको कर्मचारीबाट नि:शुल्क परामर्श सवा उपलब्ध गराउन सकिनेछ ।

९.	यो सम्झौतापत्रको यथार्थ परिपालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।

१०.	यो सम्झौता कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा आपसी समझदारीबाट निरूपण गरिनेछ । समझदारीबाट द्विविधा निरूपण हुन नसके प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दितिय पक्षको तर्फबाट |
| ................................ | ................................ |
| विद्यासुन्दर शाक्य | मोहनबहादुर बस्नेत |
| प्रमुख | प्रमुख |
| काठमाडौं महानगरपालिका | नागार्जुन नगरपालिका |

काठमाडौं महानगरपालिका

इति सम्वत् २०७८ साल माघ महिना ०६ गते रोज ५ शुभम्